नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.- ५०३ दायर मिति-: २०८१/०१/१३

फैसला मिति- २०८१/०२/१७

| वादी | प्रतिवादी |
|---|---|
| कान्तालाल राउत थारुको जाहेरीले नेपाल सरकार.........................१ | जिल्ला पर्सा वीरगंज म.न.पा. २ बस्ने शिवशंकर महतोको छोरा बर्ष २२ को सुनिल कुमार महतो |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीले नास्ता माग्दा जाहेरवालाले छैन भनि नदिएकोले गाली गलौज गर्दै हातपात गर्न खोजी अभद्र ब्यवहार गरेकोले भन्ने जाहेरी दरखास्त ।
२. जाहेरवालालाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात गर्न खोजी अभद्र ब्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. जाहेरवालालाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दा प्रहरी वोलाई मलाई पक्राउ गराएको भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई अभद्र व्यहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका शेख तैयब समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिति बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

ठहर-खण्ड

यसमा मिति २०८०।१२।२४ गते अ.२०:०० बजेको समयमा प्रतिवादी सुनिल कुमार महतो मादक पदार्थ सेवन गरी मेरो पसलमा आई मलाई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी सुनिल कुमार महतोलाई कैद दिन २० र जरिवाना ५०००/- अक्षरेपी पाँच हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी सुनिल कुमार महतो लाई ठहरेको कैद दिन २० को हकमा निज मिति २०८०-१२-२४ देखि २०८१-०१-१३ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५१४/२०८१/०१/१४ बाट दाखिला गरेको धरौटी रकम रु.५०००/- बाट जरीवाना रु.५०००/- कट्टी गर्नु ------------------------------------------------------------------------------------------ १

२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु------------------------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना १७ गते विहीवार रोज ५/ ने.सं. ११४४ बछलागा सप्तमी,शुभम् .......